# <u>प्रेस विज्ञप्ति</u>




ग्लोबल बैंक लिमिटेडको पाँचौ वार्षिक साधारण सभा मिति २०६८ कार्तिक १ गते विरगंजमा सम्पन भयो । उक्त साधारण सभाले आ.व. २०६७२०६८ को वासलात तथा नाफा नोक्सान पारीत गर्‍यो । शेयरधनीलाई नगद र बोनस शेयर समेत गरी १२.०२ % लाभांश दिने निर्णय समेत साधारण सभाले पारीत गर्‍यो ।

उक्त साधारण सभाले संस्थापक समुहबाट प्रतिनिधित्व हुने संचालक पदमा श्री चन्द्र प्रसाद ढकाल, श्री सन्दीप अग्रवाल, श्री सुरज कुमार श्रेष्ठ, श्री सुरेन्द्र नाथ पन्तलाई निर्विरोध निर्वाचित गर्‍यो । संचालक समितिको त्यसै दिन वसेको बैठकले श्री चन्द्र प्रसाद ढकाललाई अध्यक्ष पदमा पुनः चयन गर्‍यो ।

बैंकले हालै खोलेको वैतडी तथा सुर्खेत सहित ३० वटा शाखाहरु मार्फत १ लाख भन्दा बढी ग्राहकलाई अत्याधुनिक बैकिङ्ग सुविधा उपलब्ध गराइरहेको छ । बैंकले रु १६ अरब ३२ करोड निक्षेप संकलन तथा रु १३ अरब ४४ करोड कर्जा लगानी गरेको छ ।